# मनोसामाजिक मनोविमर्श तालिम सम्बन्धी सूचना

सुनिलस्मृति गाउँपालिकाको समन्वय तथा स्ट्रोम फाउण्डेसन र सहास नेपालको साझेदारीमा सञ्चालित दिगो तथा मर्यादित सामाजिक आर्थिक सशक्तीकरण (सिड्स) कार्यक्रम अन्तर्गत सञ्चालन हुने मनोसामाजिक विमर्शकर्ताको ६ महिने आवासीय तथा फिल्ड स्थानान्तरण तालिम हुने भएकाले तालिममा सहभागी हुन इच्छुक योग्यता पुगेको व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले सात दिन (मिति २०७९/१२/०४) भित्रमा यस गाउँपालिकामा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

<u>तपसिल:</u>

आवश्यक सहभागी संख्या: १(एक)

तालिम सहभागी छनौटका आधारहरु:

- सिड्स तथा संवाद कार्यक्रम संचालन भएको पालिकाको स्थायी बासिन्दा हुनुपर्ने
- कम्तिमा १०+२ पास गरेको हुनुपर्ने
- २५ वर्ष माथि देखि ३७ वर्ष सम्मको महिला हुनुपर्ने
- सामाजिक क्षेत्रको योगदान गर्न ईच्छा भएको हुनु पर्ने छ
- मनोसामाजिक, लैंगिक हिंसा न्यूनिकरण तथा बालसंरक्षणको क्षेत्रमा ज्ञान भएको हुनुपर्ने
- तालिम अवधिभर आफ्नो गाउँपालिका भन्दा बाहिर आवासीय तालिममा सहभागी हुन सक्ने
- सम्बन्धित पालिकाले सिफारिस तथा छनौट गरेको हुनु पर्ने छ

छनौट प्रक्रिया: अन्तर्वार्ता

तालिमको व्यहोरा:

- ६० दिन ( तीन चरणमा) सैद्धान्तिक कक्षा (आवाशीय तालिम) संचालन:- सैद्धान्तिक तालिम हुने जिल्ला कपिलवस्तु
- १२० दिन (तीन चरण) व्यवहारिक तालिम फिल्ड स्थान्तरण:- फिल्ड स्थानान्तरण सम्बन्धित गाउँपालिकामा ।

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०